मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७८/७९ मिति :- २०७९।०६।३०
चलानी नं :-

**बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशीत मिति २०७९/०६/३०**

बागमती प्रदेश सरकारको आ.व. २०७९/०८० को लागि बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका बाबुआमा दुवैको मृत्यु वा दुवै बेपत्ता भएका १८ वर्ष उमेर पूरा नगरेका बालबालिकाको मासिक रुपमा भत्ता उपलव्ध गराउने कार्यक्रम भएकोले तपशिलमा उल्लेख भए बमोजिम योग्यता भएका बालबालिकाहरु स्वयं वा निजको संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले तपशिलमा उल्लेखित कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालयमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता

- बाबुआमा दुवैको मृत्यु वा दुवै बेपत्ता भएको,
- १८ वर्ष उमेर पुरा नभएको,
- ५ वर्ष उमेर पुरा भएको बालबालिबाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
- कुनै गैरकानूनी वा अपराधिक कार्यमा संलग्न नभएको,

२. आवश्यक कागजातहरु:-

- बालवालिकाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि (नागरीकता भएमा नागरीकता प्रमाणपत्रको प्रतिलिपि)
- बाबु र आमा दुवैको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा बाबु आमा दुवै वेपत्ता भएको प्रमाणित कागजात,
- बिद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिसपत्र (पाचँ वर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा मात्र )
- सम्बन्धित व्यक्ति बालबालिकाको संरक्षक हो भन्ने सम्बन्धित वडाको सिफारिस पत्र ,
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

**द्रष्टव्य:-अघिल्लो वर्षहरुमा सहयोग पाइरहेका बालबालिकाले समेत पुन:यो सूचना बमोजिमको निवेदन पेश गर्नुपर्नेछ।**

२०७९।०६।३०

(अमृत कुमार धिताल)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं :011–401141, 011–401142 वेवसाईट : www.melamchimun.gov.np ई-मेल dms.melamchimun@gmail.com
"मेलम्ची नगर सम्बृद्धिको आधार - कृषि, उद्योग, पर्यटन र जलाधार "